बैठक संख्याः ९-०८१।८२

आज मिति २०८१।१०।१० गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )

२. श्री सपना चौधरी राना ( गाउँपालिका उपाध्यक्ष)

३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)

४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)

५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)

६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)

७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)

८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)

९. श्री वसमती राना ( गाउँकार्यपालिका सदस्य)

१०. श्री दिलमाया चौधरी ( गाउँकार्यपालिका सदस्य)

११. श्री विन्दु देवि तिरुवा ( गाउँकार्यपालिका सदस्य)

१२. श्री शान्ती सार्की ( गाउँकार्यपालिका सदस्य)

१३. श्री गीता देवि कोली ( गाउँकार्यपालिका सदस्य)

१४. श्री दुर्गा देवि कामी ( गाउँकार्यपालिका सदस्य)

१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

**बैठक संख्या: ०९ आ.व.२०८१।०८२ मिति:२०८१।१०।१० गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१**

आर्थिक वर्ष २०७७/०७८ मा यस ललाझाडी गाउँपालिकाको दश (१०) वर्षे शिक्षा क्षेत्र योजना निर्माण भई कार्यान्वयनमा रहेकोमा यस आर्थिक वर्ष २०८१/०८२ मा अध्यावधिक गर्ने कार्य सम्पन्न भएकोले उक्त अध्यावधिक योजना अनुमोदन गरी यथेष्ट तरिकाले कार्यान्वयनमा लैजाने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं.२**

यस लालझाडी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमको पुस मसान्त सम्मको कार्यान्वयन अवस्था तथा प्रगति विवरण सम्बन्धमा छलफल तथा अर्धवार्षिक समीक्षा गरियो।

**निर्णय नं. ३**

यस लालझाडी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार तटबन्धनका लागि विनियोजित बजेटको सीमाभित्र रही हाललाई अत्यावश्यक क्षेत्रमा नदी कटान नियन्त्रण गर्न लालझाडी गाउँपालिकाको वडा नं ४ अन्तरगत दोदा नदीमा बनेको झोलुङ्गे पुल नजिक र वडा नं ५ अन्तरगत दोदा नदी क्षेत्रमा दुबै वडालाई रु.१५/१५ लाख हुने गरी बजेट रकम बाँडफाँट गरी ग्याविन सहितको पक्की तटबन्ध निर्माण गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

साथै तटबन्ध सम्बन्धी गुरुयोजना अनुसार लालझाडी गाउँपालिकाको वडा नं १ देखि ५ सम्मका विभन्न क्षेत्रहरुमा ग्याविन सहितको पक्की तटबन्ध निर्माण गर्न आवश्य बजेट व्यवस्थाका लागि नेपाल सरकार अर्थ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ४**

कञ्चनपुर जिल्ला अन्तरगत महाकाली अंचल अस्पतालमा One stop Crisis Management Center कार्यक्रम कार्यान्वयनका गर्न आवास गृह एवं पुनस्थापना केन्द्र संचालनका लागि जिल्ला समन्वय समितको निर्णय सहित सबै स्थानीय तहलाई कम्तिमा रु १ लाख बजेट व्यवस्थाका लागि पत्राचार मार्फत अनुरोध भैआएकोले उक्त कार्यका लागि आन्तरिक श्रोत बाट खर्च व्यहोर्ने गरी रु.१ लाख बजेट विनियोजन गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ५**

मेस वायर सप्लायर्सको आयोजनाको लागि भएको ठेक्का सम्झौता पश्चात उक्त शीर्षकमा मौज्दात रहेको बजेट रकमबाट पुनः ठेक्का आह्वान गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ६**

यस लालझाडी गाउँपालिकाका सवै ६ वटै वडामा स्थायी बसोबास गर्ने प्रत्येक घरधुरीको परिवारको एकजना घरमुली नागरिकको विमा शुल्क बापतकको खर्च गाउँ कार्यपालिकाबाट व्यहोर्ने गरी प्रभु लाईफ ईन्सोरेन्स कम्पनी लिमिटेड सँग म्यादी जीवन बिमाका लागि साझेदारी (MOU) गरी कार्यक्रम कार्यान्यन गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं. ७**

यस लालझाडी गाउँपालिकाको आगामी आ.व.२०८२।०८३ आय व्यय प्रक्षेपण गरिएको तथ्याङ्क सहित विवरण पेश गर्ने निर्णय सम्मतीबाट पारित गरियो।

निर्णय प्रमाणित

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner